आदरणिय अभिभावक ज्यू :

आयोवा शिक्षा विभागले नयाँ संघीय शिक्षा प्रणालि अन्तर्गत योजनाको भागको रुपमा पढाईलाई समावेश गरेको छ, प्रत्येक विद्यार्थी अनुदान अधिनियम । प्रत्येक आयोवा पब्लिक स्कूल जिल्लामा विद्यार्थीहरुले संस्कृति, जलवायु र आफ्नो स्कूलको सुरक्षाको महसुस बारेमा जानकारी प्राप्त गर्न प्रशिक्षण सर्वेक्षणको प्रयोग गर्नेछ । संकलित जानकारीले राज्य, हाम्रो स्कूल र स्थानीय समुदायलाई सुधार गर्न मद्धत गर्नेछ । नानीहरुलाई स्कूलमा के राम्रो भइरहेको छ र उनीहरुको अनुभव/दृश्टिकोणमा कस्ता सुधारहरु आवश्क छन् भनेर सोध्न आवश्यक छ ।

हाम्रो जिल्लाले **सोमबार, अप्रिल ३० देखि शुकबार, मे ११ सम्म** एलिमेन्ट्री विद्यार्थीहरुलाई (कक्षा ५ मात्र), मिडल र हाई स्कुलका विद्यार्थीहरुलाई **सोमबार, अप्रिल १६ देखि शुकबार, अप्रिल २७ सम्म** सर्वेक्षण गर्नेछ । सर्वेक्षण अनलाईनबाट गरिनेछ र लगभग १५-२० मिनेटमा सकिने गरि प्रबन्ध गरिनेछ । सर्वेक्षणमा ३६ मुख्य वस्तुहरु बाहेक विभिन्न जनसांख्यिकीय प्रश्नहरु पनि समावेश गरिएको छ । सर्वेक्षण वस्तुहरुको पूर्ण सूची स्कूल कार्यालयमा अवलोकन गर्न सकिन्छ । कुनै व्यक्तिगत रुपमा पहिचान हुने जानकारी संकलन गरिएको छैन र सम्पुर्ण विद्यार्थीहरुको तथ्याङ्क पूर्ण गोपनिय छ । अक्टोबरमा स्कूल प्रमुखले आयोवा शिक्षा विभाग देखि विद्यालयको परिणाम बिधुत्तिय प्राप्ताङ्कको रुपमा पाउने छन् ।

यदि तपाईं आफ्नो विद्यार्थीलाई सर्वेक्षणमा भाग लिन चाहनुहुन्न भने, कृपया यो फारम भर्नुहोला । मिडल र हाई स्कूलहरुको फारम अप्रिल १२, दिउँसोको १२ बजे देखि बन्द हुनेछ भने एलिमेन्ट्री स्कूलको फारम अप्रिल २६, दिँउसोको १२ बजे बन्द हुनेछ । यदि फारम बन्द भएपछि पनि तपाईंले आफ्नो विद्यार्थीलाई सर्वेक्षणमा भाग नलगाउने निर्णय गर्नु भयो भने, कृपया स्कूल कार्यालयमा सम्पर्क गर्नुहोला ।

राज्य भर पढाईको अवस्था सुधार गर्न आफ्नो साझेदारीको लागि धन्यवाद । अयोवा शिक्षा विभागबाट सर्वेक्षणको बारेमा थप जानकारी संलग्न स्थित छ ।